# पुतलीबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
स्याङ्जा

फोनः ०६३-४२०४११
०६३-४२०४१०
०६३-४२०४०९
फ्याक्सः ०६३-४२०४०९
www.putalibazarmun.gov.np
Email: putalibazarmun@gmail.com

पुतलीबजार, स्याङ्जा।
४ नं. प्रदेश, नेपाल


प.सं.: राजस्व/२०७५/७६
च.नं.: ९८

मितिः २०७५/४/९

श्री रोशन लामिछाने
प्रतिनिधी पत्रकार राष्ट्रिय दैनिक पत्रिका ।

**विषय :- सूचना प्रकाशन सम्बन्धमा ।**

यस पुतलबिजार नगरपालिकाको आ.व. २०७५/७६ को लागि (पटके सवारी कर, कवाडीकर, तथा पुजा वली सम्बन्धि) आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) गर्ने प्रयोजनको लागि पुनः प्रकाशित (७ दिने) सूचना यसैसाथ संलग्न छ । उक्त सूचना मिति २०७५।४।१० मा निस्कने राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिदिनुहुन अनुरोध छ ।

.............................
रुद्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :-
१) श्री सूचना अधिकृत ,पु.व.न.पा. स्याङ्जा -
उक्त सूचना यस कार्यालयको वेवसाईडमा राख्ने र स्थानीय स्तरको एफ.एम हरुमा प्रसारणको व्यवस्था मिलाउनुहुन ।

श्री IT officer
पुनः website मा राख्नी
[illegible] मिति २०७५।४।९

# पुतलीवजार नगरपालिका नगरकार्यपालिकाको, कार्यालय

**स्याङ्जा**

## दरभाउपत्र आब्हान सम्बन्धी सूचना

चौथो पटक सुचना प्रकाशित मिति २०७५।४।१०

स्थार्नीय सरकार संचालन ऐन २०७४ तथा पतलीवजार नगरपालिकाको तेश्रो नगर सभाको निर्णय अनुसार यस नगरपालिकाको आ.व. २०७५।७६ को लागी विभिन्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि चौथो पटक यो सुचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७५।७६ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | सडक उपयोग (ग्रामिण सडक पटके सवारी )कर तर्फ : | | | |
| १ | १.४ | प्रगती नगर घुम्ती चिसापानी ग्रा.स. | २,५०,०००।- | ३००।- |
| | कवाडी कर तर्फ : | | | |
| २ | २.१ | छाला,हाड,खुर,सिङ,प्लास्टिक,वोतल,फलाम र अन्य कवाडी जन्य वस्तु ( दररेट टेण्डर फर्ममा समावेस गरिनेछ) | ३,००,०००।- | ३००।- |
| | चण्डिकालिका मन्दिर वली शुल्क तर्फ : | | | |
| ३ | ३.१ | १.वलि दिएको वस्तुको टाउको विक्री वन्दोवस्त<br>२. सवारी साधन पार्किङ<br>३.ठाँउ ओगटेर पसल राखेको भाडा शुल्क<br>(दररेट टेण्डर फर्ममा समावेस गरिनेछ) | २,४५,०००।- | ३००।- |

शर्तहरु :-

१) दरभाउपत्र पेश गर्दा सि.नं. २ र ३ को हकमा हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र सि.नं. १ को हकमा दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र ८ (आठौं) दिन मिति २०७५/४/१७ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.वै.लि.स्याङ्गजा स्थित ०७२०३०००००००३००००९ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) अन्य शर्तहरु मिति २०७५।३।१९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना बमोजिम नै हुनेछ ।

५) अन्य थप जानकारी चाहिएमा कार्यालयमा सर्म्पक राख्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

**पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा**